प्रदेश सरकार
# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
## कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

visit Nepal 2020 Lifetime Experiences

प.सं. : ०७६/७७ (अर्गानिक कृषि कार्यक्रम)

च.नं. :

**अर्गानिक एकीकृत कृषि मोडेल फार्म प्रदर्शन कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आव्हानको सूचना ।**

**सूचना! सूचना !! सूचना !!!**

**प्रथम पटक प्रकाशित मितिः २०७६/१०/१९**

यस मन्त्रालयको चालु आर्थिक वर्ष २०७६/०७७ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार अर्गानिक एकीकृत कृषि मोडेल फार्म प्रदर्शन कार्यक्रमको लागि अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा सुर्खेत/दैलेख/जुम्ला/जाजरकोट/रुकुमपश्चिम/सल्यान जिल्लाका अर्गानिक कृषि प्रमाणीकरण गरिरहेका इच्छुक कृषक समुह, कृषि सहकारी, कृषिफार्म, उद्यमीबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० (तीस) दिनभित्र मन्त्रालय, सम्बन्धित कृषि विकास कार्यालयमा तपसिलका कागजातहरु संलग्न राखी आवेदन सहित प्रस्ताव आव्हान गरिएको छ। साथै रित नपुगेका तथा म्याद नाघी आएका प्रस्तावहरु छनौट प्रक्रियामा समावेश नगरिने व्यहोरा जानकारी गराइन्छ। प्रस्ताव तथा आवेदनको ढांचा "अर्गानिक कृषि मिसन कार्यान्वायन निर्देशिका, २०७६" यस मन्त्रालयको वेबसाइट molmac.karnali.gov.np बाट डाउनलोड गर्न सकिनेछ । यस सम्बन्धी थप जानकारीका लागि कार्यालय समयमा फोन न. ०८३५२०२७३ मा सम्पर्क गर्न सकिनेछ।

तपसिलः

**आवेदन साथ पेश गर्नु पर्ने आवश्यक कागजातहरु**

१. संस्था दर्ताको प्रमाण-पत्रको प्रतिलिपि ।
२. कृषक समूह, सहकारी वा निजि फर्मको हकमा कार्यक्रम संचालन गर्ने संस्थागत निर्णय र कार्यक्रम संचालनको लागि आधिकारीक प्रतिनिधि/सम्पर्क व्यक्ति तोकेको निर्णय प्रतिलिपि तथा विनियम वा विधानको प्रतिलिपि ।
३. अनुसूची -३ अनुसारको प्रस्तावना ।
४. सम्वन्धित स्थानीय तहको सिफारिस पत्र ।
५. सहकारी र निजी फर्मको हकमा गत आ. व. को संस्थाको लेखा परिक्षणको प्रतिलिपि र कर वुझाएको वा कर छुट भएको पत्रको प्रतिलिपि ।
६. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपी ।
७. अर्गानिक प्रमाणीकरण गरिरहेको प्रमाणित गर्ने कागजपत्रहरुको प्रतिलिपि ।

७६/१०/१९

राजेन्द्र प्रसाद भारी
सचिव